# उत्पत्तिको पुस्तकमा रहेको हाम्रो विश्वास वा विद्याको आधार वा जग



**शबाथ दिउँसो**

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *यशैया ४०:७, ८; उत्पत्ति २२:१-१३; यूहन्ना ३:१६; प्रकाश ५:५-१०; १ कोरन्थी १५:१५-१९; प्रकाश १२:१-९।*

**याद गर्नुपर्ने पद: "भोलिपल्ट यूहन्नाले येशूलाई आफूकहाँ आइरहनुभएको देखे, र भने: 'हेर, परमेश्‍वरको थुमालाई, जसले संसारको पाप उठाई लैजानुहुन्छ।'"** *(यूहन्ना १:२९ KJV)*।

**बाइबलमा** लेखिएका प्रकाशको पुस्तक जस्ता भविष्यवाणीहरूको बारेमा गलत व्याख्या गर्नेहरूका धेरै समस्याहरू छन्। तिनीहरुले प्रकाशको पुस्तकको पौराणिक जराहरूलाई स्वीकार गर्न असफल हुन्छन्। व्याख्याकारले आफूलाई पुरानो करार थाहा छ भनेर अनुमान गर्दछन् र उनका पाठक वा श्रोताहरूलाई पनि बाइबलका पृष्ठभूमि राम्रैसँग थाहा भएको सोच्दछन्। प्रकाशको पुस्तकमा उल्लेख गरेका अंशहरूसँग मिल्ने बाइबलका सम्पर्ण अंशहरू अध्ययन गर्न उपयुक्त त छ, तर त्यहाँ मुख्य पदहरू हुन्छन् जसलाई कोट्याएर बुझ्न सके अर्कोसँग तुलना गर्नुभन्दा उत्तम हुन्छ। विशेष गरेर उत्पत्तिको पुस्तक अध्ययन गर्दा थाहा हुन्छ। हाम्रो संसार खस्किँदै पापमय र

भताभुङ्ग कसरी भइरहेको छ भन्ने ज्ञान उत्पत्तिबाट थाहा पाउनु महत्त्वपूर्ण छ। प्रकाशको पुस्तकमा उल्लेख गरिएका प्रायः जसो मुख्य धारणाहरू एक वा अर्को गरेर बाइबलका सुरुका अध्यायहरूमा देखा परेका छन्।

प्रकाशको पुस्तकका केही ठुला अवधारणाहरू यस अध्यायमा हामीले नियाल्नेछौं। ती अवधारणाहरू धेरै त छन्, तैपनि हामीले केही हेर्नेछौं जसले यही कुरा सिकाउँछ कि प्रकाशको पुस्तकको पौराणिक जगहरू बुझ्दा पुस्तकमा भएका साना र ठुला अनगिन्तियौँ कुराहरू बाइबलको विद्यार्थीले सिक्न सक्षम हुन्छन्। ती पाठहरूमध्ये मानव स्वभाग, परमेश्वरको चरित्र, हाम्रो विश्वब्रह्माण्डमा भइरहेको द्वन्द्व र हाम्रै जीवनमा पनि भइरहेका अनेकौँ चर्को संग्रामहरू छन्।

# "पहिलो उल्लेख गरिएको" भन्ने बुझ्ने मुख्य नीति

पश्चिम देशको प्रायः जसो कलेजहरूमा कुनै विषयको अध्ययनको आरम्भमा सामान्य सर्वेक्षण भन्ने विषय विद्यार्थीहरूले पढ्नुपर्छ। त्यस पाठ्यक्रमलाई प्रायजसो नम्बर १०१ दिइन्छ। यसमा केही आधारभूत विषयवस्तुहरूलाई हल्का रूपमा प्रस्तुत गरेको हुन्छ। जब कलेजका विषयवस्तुहरू गहिरो रूपमा अध्ययन गर्नुपर्दा त्यस पाठ्यक्रमले गर्दा आफू के पढ्न गइरहेको छ सो विद्यार्थी सजग हुन जान्छ। यसरी नै जब तपाईंले बाइबल सरसर्ती सबै पढ्नुहुन्छ तब परमेश्वरको पनि उत्पत्तिको पुस्तकमा सामान्य सर्वेक्षण गर्ने विषयवस्तु प्रस्तुत गरिएको रहेछ भनेर तपाईंले पत्ता लगाउनुहुन्छ। परमेश्वरले त्यस पुस्तकमा ती विषयवस्तुहरूको परिचय दिनुहुन्छ जुन तपाईंले बाइबलभरि विस्तृत रूपमा प्रस्तुत गरेको पाउनुहुन्छ।

प्रायः जसो जब बाइबलमा पहिलो पल्ट केही धारणा वा सङ्केत उल्लेख गरिएको छ र विशेष गरी सुरुका अध्यायहरूमा, विशेष गरेर उत्पत्तिको पुस्तकको सुरुमा प्रस्तुत गरिएको परिचयले उत्पत्तिको पुस्तकलाई सामान्य रूपमा त्यस पुस्तकको अवधारणा के हो सो बुझाउन खोजेको पाइन्छ। त्यसपछि त्यही परिचयले बाइबलको बाँकी भागमा पनि परमेश्वरले के बताउन खोज्नुभएको हो सो हामीले बुझ्न सक्छौं।

कतिपय बाइबलका विद्यार्थीहरूले त्यस खालको परिचयलाई "पहिलो उल्लेख गर्ने नियम वा नीति" भन्छन्। तर नीतिभन्दा नमुना भन्न सुहाउँछ होला, किनकि नीतिमा अडान हुन्छ तर नीतिमा कतिपय अपवादहरू पाइन्छ। प्रायः जसो बाइबल अध्ययन र बाइबलको भविष्यवाणीको अध्ययनमा हामीहरूलाई बुझाउन परमेश्वरले एउटा ढाँचा प्रयोग गर्नुभएको पाइन्छ। समय लगाएर बिस्तारै उहाँका भक्तहरूलाई उहाँले बुझाउन चाहनुहुने जानकारी वा विद्यालाई प्रस्तुत गर्नुहुन्छ। उहाँले आधारभूत धारणालाई सुरुमा प्रस्तुत गर्नुहुन्छ, अनि त्यसको विस्तार वर्षौं वा शताब्दीयौँ लगाएर विस्तृत रूपमा खुलाउँदैजानुहुन्छ।

पढ्नुहोस्: **बाइबलको भविष्यवाणीलाई उचित रूपमा अध्ययन गर्न के नीति वा सिद्धान्त अपनाउँदा सहयोग हुन्छ भनेर देहायका पदहरूले हामीलाई के देखाउँदछ? यशैया ४०:६-८; मलाकी ३:६ र हिब्रू १३:८ पढ्नुहोस्।**

____________________________________________

____________________________________________

वर्तमान संसारमा प्रायः जसो सबैले सत्यवादी हुनुपर्छ भनेर सिकाउँछन् तर सत्य के हो सोप्रति वास्ता गरेका हुँदैनन्। सत्य भनेको समयअनुसार लचिलो हुन्छ र परिवर्तन हुन्छ भनेर ती मानिसहरूले अनुमान गर्दछन्। तर कति जनाको निम्ति “सत्य” अवधारणा नै आपत्तिजनक भएको हुन्छ।

जब परमेश्वरले सत्यलाई स्थापना गर्नुहुन्छ तब उहाँले आफ्नो सोचमा परिवर्तन गर्नुहुन्न। जब उहाँका जनहरूलाई उहाँले सत्य सिकाउनुहुन्छ तब त्यही सत्यलाई बाइबलमा दोहोऱ्याउनुहुन्छ भन्ने धारणामा हामी ढुक्क हुन सक्छौं। उहाँले विषयवस्तु र त्यसको अर्थलाई परिवर्तन गर्नुहुन्न, तर त्यसको विपरित त्यही सत्यलाई अझ उजागर गर्दै त्यसको अर्थलाई विस्तार गर्नुहुन्छ। भविष्यवाणीको अध्ययनमा यो धेरै उपयुक्त धारणा हो। त्यसकारण, उत्पत्तिको पुस्तकको बारेमा राम्रोसँग बुझ्न त्यहाँ व्याख्या गरेका धेरै मुख्य विषयवस्तुका अवधारणाहरू हामी पाउन सक्छौं। त्यसैलाई आधार मानेर बाइबलका बाँकी पुस्तकहरूमा खोज-अनुसन्धान गर्दै अर्थमूलक अध्ययन गर्न सक्छौं।

**बाइबलमा भएको हाम्रो आस्था र अपरिवर्तनीय सत्यहरूको ज्ञानलाई कमजोर पार्न संसारका बढे-बढे इसाई भनाउँदा बुद्धिजीविहरूका तर्क र मनबहलाउने शिक्षाहरूले हामीलाई किन हस्तक्षेप गर्न दिनुहुन्न? हाम्रो आस्थालाई हामीले थाहै नपाईकन कमजोर पार्न मानिसहरूले कस्ता-कस्ता उपायहरू अपनाउन सक्छन् वा विभिन्न माध्यमहरूबाट हामीमा भएको आस्थालाई चोर्न सक्छन्?**

____________________________________________

# परमेश्वरको प्रेमलाई बुझ्न

हाम्रो स्वभाव पापको चलखेलमा छ। त्यसले गर्दा जगत् ब्रह्माण्डको हाम्रो धारणा हाम्रो स्वार्थ र घमण्डतिर ढल्केको हुन्छ। अर्थात् हाम्रै पतित मानव स्वभावले जगत्लाई हेर्ने बानी हुन्छ। हाम्रा दृष्टिकोणहरू सीमित छन्, तैपनि त्यही दृष्टिकोणबाट परमेश्वर र संसारलाई हामी हेर्छौं। सर्वज्ञानी परमेश्वरको नजरबाट हामी कुनै कुरो हेर्न सक्षम छैनौं। त्यसले गर्दा "प्रेम" भन्ने धारणा नै मानव प्राणीमा बाङ्गिएको छ। लोकप्रिय धारणामा प्रेम भनेको आफ्नो स्वार्थपूर्तिमा केन्द्रित भएको र त्यसैलाई बढावा दिने कुरा हुन्छ। अरूहरूको हित वा कल्याणप्रति ध्यान दिने कुरा मानव स्वभावमा नभएको पाइन्छ। प्रेमको बारेमा यही स्वार्थ-केन्द्रित परिभाषाले गर्दा परमेश्वरले प्रेमलाई कुन दृष्टिकोणले हेर्नुहुन्छ सो हामीले बुझ्न असाध्यै कठिन हुन्छ।

यदि हामीले प्रेमको स्वभावलाई बुझ्न सक्यौं भने बाइबलको भविष्यवाणी पनि बुझ्न सक्ने हुन्छौं। परमेश्वरको चरित्रको बारेमा गलत धारणाको अस्तित्व भइरहेकोले उहाँ र शैतानको बिचमा भएको महाद्वन्द्वका विषयहरूमा एउटा मुख्य विषय हुनगएको छ। एलेन जी. ह्वाइटले *द ग्रेट कन्त्रोभर्सीको* सारांशमा यो व्यक्त गर्नुभएको छ: "सारा जगत् नै सफा छ। अथाह सृष्टिमा एउटै तालमेल र हर्षको धड्कन चलेको छ। सारा जगत् ब्रह्माण्डमा सृष्टिकर्ताबाट ज्योति र हर्ष बहन्छ। सानोभन्दा पनि सानो आटमदेखि विशाल सृष्टिसम्म, चाहे जीव होस् वा अजिव होस्, सबै कुराले परमेश्वर प्रेम हुनुहुन्छ भनेर घोषणा गरिरहेको हुन्छ। तिनीहरूका खोटरहित सौन्दर्यता र सिद्ध वा परिपक्व आनन्दले परमेश्वर प्रेम हुनुहुन्छ भनेर घोषणा गर्दछ।"—पृ. ६७८।

पढ्नुहोस्: **उत्पत्ति २२:१-१३ पढ्नुहोस्। बाइबलमा "प्रेम वा माया" भन्ने शब्द पहिलो पल्ट उत्पत्ति २२:२मा पाइन्छ। यस कथाले परमेश्वरको प्रेमको स्वभाव कस्तो थियो भनेर हामीलाई के देखाउँछ?**

कहिलेकाहीँ बाइबलमा कुनै विषय पहिला कहाँ उल्लेख गरिएको रहेछ भनेर खोजनीति गर्ने क्रममा बाइबलको प्रत्येक पुस्तकमा र विशेष गरेर सुसमाचारका पुस्तकहरूमा पहिला कहाँ उल्लेख गरिएको रहेछ भनेर हेर्न सक्यो भने उपयोगी मूलक हुन्छ। मत्ती ३:१७; मर्कूस १:११; लूका ३:२२; र यूहन्ना ३:१६मा हामी सुसमाचारका पुस्तकहरूमा प्रेम भन्ने शब्द पहिले उल्लेख गरिएको पाउँछौं।

उदाहरणमा, यूहन्नाको पुस्तकमा "प्रेम" भन्ने शब्द पहिलो पटक यूहन्ना ३:१६मा प्रयोग गरिएको छ जुन पद विशेष गरेर शिक्षाप्रद र घटलाग्दो छ। यसले इसहाकलाई बेदीमा चढाउने कथासँग जोडिएको आभास दिन्छ। अब्राहामको विश्वास परमेश्वरमा अगाढ थियो। उनलाई थाहा थियो कि उहाँलाई विश्वास गर्दा आफ्नो पुत्रलाई बलिदान दिए तापनि उहाँले उसलाई पुनरुत्थान गर्न सक्नुहुन्थ्यो *(हिब्रू ११:१९)*। यसले मानव प्राणीको निम्ति परमेश्वरको प्रेमलाई पूर्व चित्रण गराएको छ। उहाँले हामीलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले हाम्रो निम्ति उहाँको एक मात्र पुत्र दिनुभएको थियो *(उत्पत्ति २२:२, १२, १६)*। अनि उहाँले उहाँलाई मृत्युबाट पुनरुत्थान गर्नुभयो। यसरी हामीलाई स्वार्थत्यागपूर्ण प्रेमको स्वभावलाई प्रकट गरिएको छ। हामीलाई परमेश्वको प्रेमको चित्रण योभन्दा अरू के महान् होला?

**परमेश्वरले प्रकट गर्नुभएको स्वार्थत्यागको प्रेमको स्वभाव हामीले अरूहरूलाई अलिकति मात्र भए पनि कसरी देखाउन सक्छौं? हामी सबैको निम्ति यस खालको प्रेम नै आधारभूत आवश्यकता किन छ?**

# इसहाकले प्रश्न गर्छः पाठो खोइ त?

*सेह* वा हिब्रू भाषामा पाठो पहिलो पटक त्यही अध्याय वा कथामा उल्लेख गरिएको छ जहाँ प्रेम वा माया भन्ने शब्द पहिलो पल्ट उल्लेख गरिएको छ। यो उत्पत्ति २२मा छ। पाठो भन्ने शब्द प्रकाशको पुस्तकमा लगातार प्रतिकको रूपमा उल्लेख गरिएको छ। प्रकाशको पुस्तकमा येशूलाई पाठो भनेर बीस पल्टभन्दा पनि बेसी सम्बोधन गरिएको छ। प्रकाशको पुस्तकमा बयान गरिएका दर्शनहरूमध्ये एउटा अति प्रभावकारी दर्शनमा यूहन्ना परमेश्वरको सिंहासन भएको बैठकमा पस्छन्। यो प्रकाश ४ र ५ अध्यायमा उल्लेख गरिएको छ। उनले देखेका दर्शनमा पाठोले प्रमुख भूमिका खेलेको थियो।

पढ्नुहोस्: **उत्पत्ति २२:७,८; प्रस्थान १२:१-१३ र प्रकाश ५:५-१० पदहरू पढ्नुहोस्। पाठो भन्ने शब्द कसरी प्रतिकको रूपमा प्रयोग गरिन्छ भन्ने कुरा बुझ्नमा इसहाकलाई झण्डै बलि दिन खोजेको चित्रणले कसरी सहायता गर्छ? यही चित्रणले येशूलाई औँल्याउँदछ। यो कथाले प्रकाश ५मा उल्लेख गरिएको यूहन्नाले देखेका दर्शनसँग कसरी मिल्दछ?**

________________________________________

________________________________________

बाइबलमा *सेह* अर्थात् थुमा उल्लेख गरिएको शब्द इसहाकको प्रश्नमा छः “हे बुबा, आगो र दाउरा छ, तर पाठो खोइ त?” *(उत्पत्ति २२:७)*। यो रोचक छ कि बाइबलका बाँकी अंशहरूमा त्यस प्रश्नलाई विस्तृत रूपमा जवाफ दिइन्छन्। पुरानो करारका ३८ पुस्तकहरूमा पाठकहरूलाई इसहाकको प्रश्नको जवाफ बिस्तारै विस्तृत रूपमा दिएको पाइन्छ। निस्तार चाडको परम्परा स्थापना भएदेखि दाऊदको राज्य शासन र त्यसपछिको इतिहासले इसहाकको प्रश्नलाई जवाफ दिइरहेको पाइन्छ। पुरानो करारमा मसीहको आगमनको बारेमा अनगिन्तीयौँ भविष्यवाणीहरूले इसहाकको प्रश्नलाई जवाफ दिइरहेका थिए। तर नयाँ करारले त्यो प्रश्नको जवाफ मूर्त रूपमा दिएको पाइन्छ, वा त्यो प्रश्नको जवाफको साकार त्यति बेला भएको थियो जब येशू मानव शरीर र रगतमा देखा पर्नुभयो र उहाँका

जनहरूको सेवा गर्नुभयो र अन्तमा क्रूसमा बलि हुनुभयो।

फेरि यूहन्नाको सुसमाचारमा पाठोको बारेमा पहिला उल्लेख गरिएको पद अर्थात् यूहन्ना १:२९-३४ पढ्नुहोस्। बप्तिस्मा दिने यूहन्नाले इसाहाकको प्रश्नलाई व्यक्तिगत रूपमै जवाफ दिएको जस्तो छ। कुन सेटिङ्गमा वा तरिकाले त्यो जवाफ दिएको थियो, त्यो पनि अझ उपयुक्त देखिन्छ। पापीहरू पश्चात्ताप गर्दै पानीमा डुबेर बप्तिस्मा लिन्छन्। पानीमा पस्नु पापीहरूको मृत्युको प्रतीक हो। पानीबाट निस्कनु नयाँ जीवनको सुरुवातको प्रतीक हो। त्यही सन्दर्भमा मत्तीको पुस्तकमा परमेश्वरको थुमा अचानक देखा पर्छन्। आकाश खोलिन्छ र त्यहाँबाट आकाशवाणी हुन्छ: "यी मेरा प्रिय पुत्र हुन्, जोसँग म प्रसन्न छु" *(मत्ती ३:१७)*। प्रभुकै दूतले स्वर्गबाट अब्राहाम र इसहाकको चिन्तालाई समाधान गर्न आकाशवाणी गर्छन् *(उत्पत्ति २२:११-१४)*।

जब तपाईंले मसीहको बारेमा उच्चारण गरेका सबै धागोहरू बुन्नुहुन्छ, तब परमेश्वरको थुमा येशू हाम्रो बदलीमा आउनुभएको थियो भनेर स्पष्ट हुनेछ। यूहन्नाले दिव्यदर्शनमा देखेका मारिएको थुमा भनेको के रहेछ भनेर ती विवरणहरूले हामीलाई बताउँदछ।

**येशू ख्रीष्ट हाम्रो बदलीमा मर्नुभयो भन्ने सत्य आत्मज्ञान थाहा पाउनु नै हाम्रो मुक्तिको जगको आधारशीला किन हो? उहाँविना यस संसारमा हाम्रो जिउनुको आशा र अर्थ के छ र? उहाँ नै हाम्रो विकल्प हुनुभएकोले विशेष गरेर न्यायको दिनमा हामी कसरी ढुक्क हुन सक्छौं?**

---

# मृत्युको मामिलामा हाम्रो चासो

यो संसारमा रहँदा हामी धेरै निष्ठुर अनुभवहरू गर्नु वाध्य हुन्छौं। ती निष्ठुर पक्षहरू सृष्टिकर्ताबाट संसार अलग हुन गएकोले हो। ती निष्ठुर पक्षहरूमा मृत्यु पनि एक हो जुन हाम्रो जीवनको प्रत्येक दिनको कुनै क्षणमा हामीलाई हान्न तयार भइरहेको हुन्छ। यो पापको ज्याला हो। यस संसारको केवल एउटै जीवनको स्रोत सृष्टिकर्ताबाट हामी अलग भएकोले त्यो दण्ड हामीले भोग्नुपरेको छ। बाइबलको भविष्यवाणीमा यसले मुख्य भूमिका खेलिरहेको हुन्छ। यो वास्तविक तथ्यलाई कसैले पनि अस्वीकार गर्न सक्दैन। तर यसको अत्यन्तै महत्त्वपूर्ण समाधान येशूको मृत्यु र पुनरुत्थानमा मात्रै छ।

बाइबलमा मृत्युको बारेमा पहिला उल्लेख गरिएको पदबाट नै भविष्यवाणीको मुख्य विषयवस्तुको बारेमा ज्ञान हामीले पाउँछौं। पापको समस्या कतिको खतरा, गम्भीर र डरलाग्दो छ भनेर त्यस ज्ञानबाट बुझ्न सक्छौं। यस समस्याको समाधान परमेश्वरमा मात्र छ, र त्यसको निम्ति महत्त्वपूर्ण औजारहरू हामीलाई उपलब्ध गराएको छ।

पढ्नुहोस्: **उत्पति २:१५-१७; उत्पति ४:८-१५; १ कोरन्थी १५:१५-१९; र प्रकाश १:१८ पदहरू पढ्नुहोस्। यी पदहरूमा मृत्यको बारेमा पहिले उल्लेख गरिएको साथै मानिसहरूले सामना गरेका मृत्युको बारेमा बताइएको छ। मानिस किन मर्छ, मृत्युलाई परमेश्वरले कुन दृष्टिकोणले हेर्नुहुन्छ, र हाम्रो यस मरणशील समस्याको समाधान उहाँले कसरी गर्नुहुन्छ भनेर यी पदहरूले हामीलाई कस्तो जानकारी दिएका छन्?**

"मृत्यु जीवनको एक भाग हो" भनेर कतिपय मानिसहरूले भन्छन्। यो एकदम झुठ हो। मृत्यु जीवनको उल्टो हो। जीवनलाई ध्वस्त पार्ने प्रक्रिया हो। यो बाहिरबाट घुसेको तत्त्व हो; मानव जीवनमा यो विदेशी आक्रमणकारी हो। जब

परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो तब मृत्यु हाम्रो भाग वा स्वभाव हुन उहाँले कहिले पनि सृष्टि गर्नुभएको थिएन। मृत्युको सोच हाम्रो दिमागमा अड्डा जमाए तापनि र मृत्युलाई चलनचल्तीको रूपमा हामीले स्वीकारे तापनि यसप्रति हाम्रा हृदयले घोर विरोध गर्दछ। वास्तविक रूपमा हामी मर्न नै चाहँदैनौं। मानव जीवनमा मृत्युले गर्दा केही न केही मौलिक कुरा त्रुटिपूर्ण छ भनेर सबैले महसुस गरिरहेका हुन्छन्। मृत्यु पीडादायी भए तापनि कतिपय मृत्युहरू अरूभन्दा भयानक, आतङ्कित र दुःखदायी छन्। आफ्नै प्रिय बालक मरेको टुलटुल हेरिरहन वाध्या हुँदा त्यसले हृदयलाई छियाछिया पार्दछ। कतिपय समयमा बाबुआमाहरूपछि छोराछोरीहरू स्वभावैले मर्नेछन् भनेर हामी अपेक्षा गर्छौं। यो त जीवनको सामान्य भाग हो भनेर हामीले स्वीकार्न वाध्य हुन्छौं।

बाइबलमा लेखा राखिएको पहिलो मृत्युले यो देखाउँछ कि मृत्यु अपेक्षा नगरिएको असमान्य तत्त्व हो। आदम र हव्वा मर्नुभन्दा अघि तिनीहरूका अधर्मी छोराले धर्मी छोरालाई मारेको वियोग तिनीहरू हेर्न वाध्य भएका थिए। यथार्थमा त्यो मृत्यु अन्यायपूर्ण थियो।

येशूकै बारेमा सोचौं। हाबिलजस्तो धर्मीलाई अधर्मी र दुष्टहरूले मारेका थिए। येशूको मृत्युभन्दा अन्यायी मृत्यु अरू के होला? हाबिलको मृत्यु र क्रूसमा येशूको मृत्युको बारेमा के समानता छ? जुन प्रकारले हाबिलको मृत्यु भयो, त्यसले "मृत्यु र चिहानको साँचो" येशूमा छ भनेर हामीलाई कसरी बुझाउन सक्छ र यसमा परमेश्वरले उहाँमा हामीलाई के प्रदान गर्नुहुन्छ भनेर के बुझाउन खोजिएको छ?

**मृत्युको समस्यालाई समाधान भएन भने हाम्रो जीवन किन आखिरमा बेकारको, अनर्थ र अनावश्यक भएको हामी महसुस गर्छौं? येशूले हाम्रो निम्ति के गर्नुभयो त्यसप्रति हामी किन आभारित हुनुपर्छ भनेर मृत्युको समस्याले हामीलाई कसरी बताउँदछ?**

# सर्प

प्रकाशको पुस्तकको मुख्य विषयवस्तु नै कसको आराधना गर्ने वा कसलाई पूजा गर्ने हो। यस संसारमा झुटो धार्मिक प्रणाली र मानिसहरूलाई सृष्टिकर्ता परमेश्वरको आराधना गर्न वा पूजा गर्नबाट अलग राख्ने नीतिको प्रादुर्भाव वा सुरु गर्ने जीवलाई प्रकाशको पुस्तकमा विशाल सर्प वा अजिङ्गर भनेर चिनारी गरिएको छ *(प्रकाश १३:२-४)*। त्यो सर्पको बयान पतित करूब स्वर्गदूत हो भनेर बाइबलमा औँल्याइएको त्यसै होइन। यसले हामीलाई अदनको बगैँचामा स्पष्ट रूपमा औँल्याउँछ जहाँ सर्प त्यस स्वर्गीय स्थानमा पसेर आदम र हव्वालाई उसको पछि लागेर सृष्टिकर्ताको विरोधमा जान फकाउँछ।

तुलना गर्नुहोस्: **उत्पत्ति ३:१-५सँग प्रकाश १२:१-९ तुलनात्मक रूपमा पढ्नुहोस्। दुवैमा के साझा विषयवस्तुहरू छन्? उत्पत्तिमा सर्पको भूमिकाले प्रकाशको पुस्तकमा उल्लेख गरिएको स्वर्गमा भएको युद्धका विषयवस्तुहरू के थिए भनेर हामीलाई बुझ्नमा कसरी मद्दत गर्दछ?**

________________________________________

________________________________________

सारा संसारलाई पथभ्रष्ट गर्न वा कुबाटोमा अगुवाइ गर्न शैतान सफल भएको दुई विवरणहरू बाइबलमा दिएका छन्। भर्खर सृष्टि गरिएका केवल दुई मानिसहरू मात्र थिए; त्यस बेला धूर्त साँप तिनीहरू र परमेश्वरको बीचमा फाटो ल्याउन सक्रिय भूमिका खेलेको थियो। अनि प्रकाश १२ र १३मा सारा संसारलाई धोखा दिने भनेर शैतानको पहिचान गराएको छ *(प्रकाश १२:९)*। उसले नै सारा विश्वलाई अगुवाइ गर्न पशुलाई सक्तिसम्पन्न गराउँछ। त्यही समुद्रबाट आएको पशुलाई सारा मानिसहरूले ढोग्न पनि उसकै अग्रसरताले गराउँछ। सारा संसार चकित भएर उसको पछि लाग्नेछन् भनेको छ *(प्रकाश १३:२, ३)*। परमेश्वर र शैतानको बीचमा भइरहेको महान् द्वन्द्व वा संग्रामको निरन्तरता बाइबलका भविष्यवाणीहरूमा बाइबलले प्रस्तुत गर्दछ। परमेश्वरको चरित्र वा स्वभाव र वचन परिवर्तन हुँदैन, न त शैतानका महत्त्वाकाङ्क्षा वा लक्ष्यहरू परिवर्तन हुन्छन्।

भाग्यवस, महान् द्वन्द्वको स्वभाव परिवर्तन नभएकोले र यसले बाइबलमा औँल्याएका भविष्यवाणीहरूलाई स्पष्ट रूपमा सम्बोधन गरिएकोले आत्मिक कमजोरीहरूको थलो र मोडहरूलाई येशूभक्तहरूले पहिचान गर्न सक्षम हुन सक्छन्। परमेश्वर को हुनुहुन्छ उहाँ जहिले पनि त्यही भइरहनुहुनेछ। शैतानको स्वभाव पनि उसले जसरी देखाइरहेको छ त्यसरी नै भइरहनेछ। शैतानले हजारौँ मुकुण्डोहरू लगाएर मानव इतिहासमा मानव प्राणीलाई हजारौँ वर्ष धोका दिइरहलान्। प्रकाशको पुस्तकमा भविष्यवाणीको दृश्यमा उसले देखाइरहेको छ कि अदनको बगैँचा उसले चालेको चालबाजी उसको अन्त नहुञ्जेल चालि नै रहनेछ। के ठिक के बेठिक छुट्ट्याउने *(याकूब १:५)* ज्ञान र बुद्धि परमेश्वरले हामीलाई दिने प्रतिज्ञा गर्नुभएको छ। बाइबलमा औँल्याएका अस्त्रहरू हामीले भिर्न सक्यौं भने हामी शैतानको झुटा चालबाजीमा फस्न आवश्यकता हुँदैन। तर दुर्भाग्यवस धेरै उसको चालबाजीमा फसिरहेका छन् र धेरै वा बहुमत नै उसका पञ्जामा फस्नेछन्।

**संस्कार, संस्कृति र रहनसहनहरू समयअनुसार परिवर्तन भएको सोच्नुहोस्। समाजले देखाएका स्तरहरू तल माथि भइरहेका हुन्छन्। एक फेरा स्वीकार्य संस्कारलाई अर्को समयमा स्वीकार नहुन सक्छ वा स्वीकार नगरिएका संस्कारहरू अर्को समयमा स्वीकार हुन सक्छन्। तर महान् द्वन्द्वका विषयहरू र पात्रहरू परिवर्तन हुँदैनन्। जब संस्कारहरू परिवर्तन वा तलमाथि हुन्छन् तब इसाईहरूले के सोच्नुपर्छ भन्ने कुरा विचार गर्नुपर्छ। शैतानले आदम र हव्वालाई भनेको महान् झुट, तिमीहरू मर्नेछैनौ वा तिमीहरू देवीदेवताहरू हुनेछौ भन्ने आश्वासनले हाम्रो समाज वा संस्कृति वा धर्ममा कसरी जरो गाडिरहेको छ, सो सोच्नुहोस्।**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *द आक्टस अभ आपोस्टल्स* भन्ने पुस्तकको पृ. ५७८-५८१को “द रिभलेशन” भन्ने अध्याय पढ्नुहोस्।

संसारका धेरै धर्म र दर्शनहरू केवल धारणाहरूमा मात्र केन्द्रित भएका हुन्छन्। तर त्यसको प्रभावकारी विपरित बाइबलीय धर्म इतिहासका घटनाहरूमा बलियो अङ्कुस गाडिएको छ। सारा युगको इतिहासमा परमेश्वरले मानव जातिसँग अन्तरक्रिया गर्नुभएको र गरिरहनुभएको कथा बाइबलमा छ। हजारौँ वर्षसम्म भइरहेको ती अन्तर्क्रियाहरूले परमेश्वरको चरित्र र स्वभाव स्थिर रहेको हामी पाउँछौं।

कतिपय समयमा सेभेन्थ-डे एड्भेन्टिस्टहरूले गुनासो गर्छन् कि त्यही विषयवस्तुहरू बारम्बार सुन्नुपर्दा हामी थाकिसकेका छौं। जब हाम्रो विशेष भविष्यवाणीका सन्देशहरू सार्वजनिक रूपमा प्रचार गर्छौं तब हामीले ती पहिला नै सुनिसकेका छौं र केही नयाँ छैन।

तर यो हामीले याद गर्नुपर्छ कि हाम्रो सन्देश अपरिवर्तनशील र स्थिर छ, तर त्यसको अर्थ यो होइन कि यो मामुली र चुनौतिपूर्ण नभएको छ। बरु त्यसको विपरित: जब असीमित र अनन्तको परमेश्वरको दिमागबाट प्रसारण गरेका जानकारीहरू हामी पढ्छौं तब हामीलाई सुनाएका विषयवस्तुहरूको अन्तमा हामीले कहिले पनि पुग्न नसक्ने महसुस गर्छौं।

एलेन जी. ह्वाइटले प्रकाशको पुस्तक लेखिने धेरै कारणहरूमा एक कारण हामीलाई औँल्याउनुभएको छ। इसाई चर्च सबै युगमा ऐतिहासिक सन्देशमा अङ्कुश लगाइरहन नै प्रकाशको पुस्तक लेखिने एक कारण हो भनेर उहाँले बताउनुहुन्छ। “परमेश्वरका कतिपय युवा सेवकहरू त्यही दोहोरिएका सत्यहरूलाई सुन्दा-सुन्दा थाकेका आभास दिइरहेका छन्। तिनीहरूको मनलाई बहलाउन वा चकित पार्न कतिपय समयमा तिनीहरूले हाम्रो शिक्षाको नयाँ पक्षको प्रादुर्भाव गर्न खोजिएको पाइन्छ।”—*द आक्टस अभ आपोस्टल्स,* पृ. ५८०। तर वास्तविक रूपमा भन्ने हो भने प्रकाशको पुस्तक केवल भविष्यको बारेमा बताउने मात्र नभएर विगतको बारेमा पनि बताउँछ। हाम्रो आस्था ऐतिहासिक विश्वासमा जरो गाडिन यो पुस्तक लेखिएको हो। त्यसले गर्दा कुनै नयाँ-नयाँ कुराहरू सिक्न हामी बाटो नबिराऔं भनेर नै त्यस पुस्तक हाम्रो निम्ति मार्गनिर्देशकको रूपमा लेखिएको हो।

## छलफलको लागि प्रश्नहरू:

१. जब हामी बाइबल अध्ययन गर्छौं तब नयाँ जानकारी र नयाँ ज्ञान प्राप्त गर्न बाइबलले कहिले पनि आँखा चिम्लिँदैन। नयाँ कुरा सिक्ने चाहना र हामीले सिकेका सत्यहरूमा अडिग भइरनको बीचमा हामी कसरी सन्तुलनता कायम राख्ने?

२. बाइबलको भविष्यवाणीको बारेमा नयाँ व्याख्यालाई चर्चले कस्तो प्रतिक्रिया दिनुपर्छ? हामीलाई थाहा छ कि जहिले पनि बढी ज्ञानहरू सिक्न सक्छौं। तैपनि नयाँ कुराहरू केवल अनुमानित र गलत भनेर हामीले कसरी छुट्ट्याउने?

३. दोस्रो विश्व युद्धमा एक जना सैनिक पासिफिक समुद्रमामा मर्दैथियो। उसले उसलाई बचाउन खोज्नेलाई चिच्याएर भने, "म टुहुरा हुँ। जब म मर्छु मलाई कसले सम्झन्छ र?" त्यस बचाउन खोज्नेले भन्यो, "म तिमीलाई सधैँ याद गर्नेछु।" उसको वचन आशापूर्ण भए तापनि ढिलो वा चाँडो ऊ पनि मर्नेथियो र उसमा भएको टुहुरा सैनिकका याद पनि मर्नेथियो। यदि मृत्यु नै हाम्रो जीवनको अन्त हो वा हाम्रो अस्तित्वको अन्त हो भने, हाम्रो जीवन कस्तो अनर्थ र बेकारको रहेछ भनेर त्यस कथाले हामीलाई कसरी सिकाउँछ?

# दूधको आश्चर्य

*लेखक:* आन्ड्यु मेकचेस्नी

जब आमा बजारबाट घर फर्किन् तब उनको चौरमा एउटा पनि गाई थिएन। आमाले चौरको वरिपरि हेरिन्, त्यहाँ गाई थिएन। उनका दुई साना छोराछोरीहरू घरमा उनको निम्ति पर्खिरहेका उनलाई थाहा थियो। उनका आँखाहरूमा आँशुहरू बगे। उनको आम्दानीको स्रोत भएको केवल एउटा मात्र गाई कसैले चोरेर लग्यो भनेर उनले तिनीहरूलाई कसरी सुनाउने? गाईविना तिनीहरू भोक भोकै मर्नेथिए।

छोराछोरीहरूलाई गाईको बारेमा केही नभन्ने निर्णय गरिन्। तिनीहरूले उनको आँखामा भएको आँशु पनि देखेको चाहिनन्। झाङमा गएर आफ्नो व्यथा परमेश्वरलाई पोखाइन्। उनका श्रीमान् सेभेन्थ-डे एड्भेन्टिस्ट पास्टर भएकोले उनलाई पक्रेर झ्यालखानामा परिश्रम गर्नुपर्ने गरेर राखिएको थियो। उनी तत्कालिन सोभियतसँगको टाजिक्स्थान राज्यमा थिए। उनी घरबाट टाढा थिए। उनको चोरिएको गाईबाट बजारमा दूध साटेर पिठो, आलु, गाजर, प्याज, गोलभैँडा, काँक्रो र लसुन ल्याउँथिन्; त्यसको निम्ति उनले परमेश्वरलाई धन्यवाद दिइन्।

“अब के गर्ने? म र मेरा छोराछोरीहरू कसरी जिउने?” उनी रुँदै प्रार्थना गरिन्।

जब उनी रुँदै प्रार्थना गरेकी थिइन् तब उनले झाङमा केही देखिन्, र उनको आँखा त्यहाँ पऱ्यो। त्यहाँ धेरै पैसा भएको ठैली थियो। “धन्यवाद प्रभु, गाई किन्न तपाईंले पैसा पठाउनुभयो। आमाले आँसु पुछेर अर्को गाई किन्न बजारमा गइन्। तर उनले भेट्टाएको पैसाभन्दा धेरै पैसा गाई बेच्नेले चाहन्थ्यो।

आखिरमा आफ्नो पैसालाई तल झारेर एक जना विक्रेताले गाई दिन तयार भयो। “तिमीसँग भएको पैसाले म मेरो गाई बेच्छु,” भनेर उसले भन्यो। त्यो गाई बजारमा भएको सानो र दुब्लो थियो। आमाले आफूसँग भएको सबै पैसा दिएर गाई लिएर घरमा गइन्। “प्रभु, यो गाई तपाईंको हातमा छ,” भनेर प्रार्थना गरिन्।

घरमा उनले गाईलाई दानापानी दिइन् र दुई केटाकेटीहरू गाईसँग खेले। खाने कुरा र प्यारले त्यो गाई ठुलो-ठुलो भयो। अनि समय गएपछि त्यस गाईले चोरिएको पहिलेको भन्दा दोब्बर दिन थालिन्।

“कठिन समयमा परमेश्वरले हाम्रो जीवन बचाउनुभएको थियो,” लिउबभ ब्रन्टन (फोटो)ले भनिन्। उनी यस कथाको आमाकी नातिनी थिइन्। मिसनमा काम गर्नेहरूलाई परमेश्वरले दूधबाट सहयोग गरेको कथा उहाँले दिने सुरक्षाको प्रभावकारी किस्सा भएको उनले बताइन्। जहाँ र जो पनि मिसन क्षेत्रमा काम गर्छन्, परमेश्वर उसको साथमा रहनुहुन्छ भन्ने यस कथाले बताउँछ। तर गाईको कथा यहाँ अन्त हुँदैन। लिउबभकी हजुर आमाले अर्को आश्चर्य काम पनि अनुभव गरेकी थिइन्। त्यो अर्को कथामा पढ्नेछौं।

